शरत सिंह भण्डारी
मन्त्री
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
Sharat Singh Bhandari
Ministry of Labour, Employment & Social Security

नेपाल सरकार
Government of Nepal

सिंहदरबार, काठमाडौं, नेपाल ।
Singhdurbar, Kathmandu, Nepal
फोन नं.: ९७७-०१-४२११६९६
इमेल: minister@moless.gov.np
वेवसाईट: www.moless.gov.np

च.नं. / Ref. No.:

## नयाँ वर्ष २०८२ को शुभकामना

नेपालको समृद्धिको लक्ष्य हाम्रै प्रयास र लगनशीलतावाट प्राप्त गर्न सम्भव छ। मुलुकको जनसांख्यिक लाभको अवस्थालाई महत्तम परिचालन गर्न मन्त्रालयले श्रम तथा रोजगारको क्षेत्रमा कार्यरत तीनै तहको सरकार, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, शैक्षिक तथा तालिम प्रदान गर्ने निकाय लगायत विभिन्न विकास साझेदारसंग प्रभावकारी समन्वय र साझेदारी गर्न आवश्यक रहन्छ। गत फागुनमा हामीले सम्पन्न गरेको श्रम तथा रोजगार सम्मेलन, २०८१ को घोषणा तथा 'आन्तरिक रोजगार प्रवर्द्धन दशक' को लक्ष्यलाई प्राप्त गर्न हामीले आ.व. २०८२/०८३ देखि थप प्रभावकारी र नतिजामूलक तवरले कार्य गर्नु पर्नेछ।

नयाँ वर्ष २०८२ देखि नै आर्थिक विकासमा योगदान, सेवा प्रवाहमा सुधार लगायत रोजगारयोग्य वातावरण सिर्जना गर्न हामीले रुपान्तरणकारी कार्यहरुको सुरुवात गर्नु पर्नेछ। नेपालको श्रम बजारको विकास तथा विस्तारमा हामीले समग्र रोजगार श्रृङ्खला मै गुणात्मक परिवर्तन ल्याउनु छ।

नेपालको वर्तमान श्रम तथा रोजगारीलाई क्रमश: सुधार गर्दै आगामी दश वर्ष भित्रै नेपाली वैदेशिक रोजगारीमा जानु पर्ने वाध्यकारी अवस्थालाई हटाउन नेपाल सरकार पूर्ण कटिवद्ध रहेको छ। नेपाली श्रमिक नेपाल या विदेशमा जहाँ भए पनि नेपालीको हकहित र संरक्षण अभिवृद्धि गर्न नीतिगत र कानुनी सुधार गर्नका लागि नेपाल सरकारले तत्कालै सुधारका क्रियाकलापहरु कार्यान्वयन गर्नेछ।

स्वदेश वा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजु भाइ तथा दिदी वहिनीलाई नयाँ वर्ष २०८२ को हार्दिक मंगलमय शुभकामना।

शरत सिंह भण्डारी
मन्त्री

शरत सिंह भण्डारी
मन्त्री